# बहुदरमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बहुअरी पिडरी, पर्सा
## मधेश प्रदेश, नेपाल

# करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०६/१९ गते शुक्रबार)**

बहुदरमाई नगरपालिकाको रिक्त रहेको नेपाल स्वास्थ्य सेवाको देहायको पद, संख्या र योग्यता भएको कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र तोकिएको दस्तुर यस कार्यालयको राजश्व शाखामा बुझाएको सक्कल रसिद सहित दरखास्त दिन आवहान गरिन्छ। म्याद नाघी आएको र रित नपुगेको निवेदन उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ । दरखास्त फाराम यस नगरपालिकाको बेभसाईट www.bahudarmaimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

तपसील:

| सि.नं. | विज्ञापन नं. | समुह/उप समुह | पद | तह | आवश्यक संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ०१-२०८०/०८१ | हे.ई. | अ.हे.व. | सहायक चौथो | ६ (छ) | रु ५००/- | करार |
| २. | ०२-२०८०/०८१ | प.हे.न./क.न. | अ.न.मी. | सहायक चौथो | ३ (तीन) | रु ५००/- | करार |

**१. आवश्यक शैक्षिक योग्यता र न्यूनतम योग्यता**

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- दरखास्त दिने अन्तिम मितिसम्म १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको
- भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको,
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको।
- अ.हे.व. का लागि आवश्यक शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट सि.एम.ए. उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको।
- अ.न.मी. का लागि आवश्यक शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित परिषद्मा दर्ता भएको।

**२. दरखास्त दिने अन्तिम मिति :** २०८०/०७/०३ गते सम्म।

**३. काम गर्नुपर्ने स्थान :** बहुदरमाई नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरु।

**४. छनौटको किसिम :** प्रारम्भिक योग्यताको सूची प्रकाशन, लिखित र अन्तर्वार्ता।

**५. काम गर्नुपर्ने अवधी** : २०८१ असार मसान्तसम्म (कार्य संतोषजनक भए नवीकरण गर्न सकिने)

**६. दरखास्त साथ संलग्न कागजातहरु :** आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपि

क) नेपाली नागरिकताको प्रमाण पत्र

ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाण पत्र

ग) चारित्रिक प्रमाण पत्र

घ) कार्य अनुभवको प्रमाणपत्र

ङ) तीन प्रति पासपोर्ट साइजको फोटो।

**७. सेवा शर्तहरु तथा तलब सुविधा :** तोकिए बमोजिम हुने।

यस सम्बन्धी थप जानकारी लिनुपर्ने भएमा तपसिलका कर्मचारीलाई सम्पर्क गर्न सकिनेछ।

- स्वास्थ्य संयोजक श्री बिरेन्द्र प्रसाद साह -९८१७२१२६५३
- स्वास्थ्य सह संयोजक श्री जितेन्द्र साह तेली -९८१५२३४६००
- प्रशासन शाखा प्रमुख श्री यीमलेश गदी - ९८१६२६२८१६

प्रमुख प्रशासकीय अधिकृत